नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रपति महिला उत्थान कार्यक्रम

# बुलेटिन

वर्ष १ | अंक १ | २०७६ असार

## परिचय

नेपालको संविधान धारा ३८ को उपधारा ३ मा सबै प्रकारका विभेद सहित लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलाको अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न नपाइने र यस्ता कार्य कानुन बमोजिम दण्डनीय हुने मौलिक हकको व्यवस्था गरेको छ। महिलाको अंश र वंशको अधिकार सहित शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसर सहितको हक सुनिश्चित गरेको छ। नेपालले संयुक्त राष्ट्र संघको महासभाद्धारा पारित महिला विरुद्ध हुने सबै किसिमको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ र यसको इच्छाधीन आलेखलाई अनुमोदन गरिसकेको छ । नेपाल सरकारले लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक हिंसा निवारणका लागि विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूमा प्रतिवद्धता जनाउनुको साथै विभिन्न कानुनी तथा नीतिगत व्यवस्था गरेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई पुरा गर्न विभिन्न नीति तथा कार्यक्रमहरू महिला विकास तथा सशक्तीकरण कार्यक्रमहरू कार्यान्वयन भएका छन् ।

कार्यक्रमको कार्यान्वयनबाट महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक स्वास्थ्य र राजनैतिक सूचकहरूमा सकारात्मक परिर्वतन देखिएको छ । राष्ट्का महत्वपूर्ण पक्षहरूमा




*सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट राष्ट्रपति महिला उत्थान कार्यक्रमको समुदघाटन*

महिलाहरूको नेतृत्वदायी भूमिका देखिएको छ भने विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रमा समेत महिलाहरूको उल्लेखनीय सहभागिता देखिए तापनि आर्थिक तथा सामाजिक रुपले पछाडि परेका सिमान्तकृत महिलाहरूको सङ्ख्या अझै पनि उल्लेख्य रुपमा रहेको पाइन्छ ।

महिलाहरुको उत्थान र सशक्तीकरण गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरणका साथै उनीहरूको आर्थिक उन्नति, प्रगति, प्रतिष्ठा र सम्मान प्रवर्द्धन गर्नका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम अगाडि ल्याइएको हो । आ.व. २०७३/०७४ को नीति तथा कार्यक्रमबाट अगाडि बढाइएको **राष्ट्रपति महिला उत्थान कार्यक्रम** सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा अन्तर्राष्ट्रिय महिला दिवस मार्च ८ (२०७३ फागुन २४) को सु-अवसरमा ३५ जिल्लाका उद्यमी महिलाहरूको सहभागितामा

**सम्पादक मण्डल**

**सल्लाहकार**
श्री चन्द्र कुमार घिमिरे, *सचिव*

**संयोजक**
श्री रुद्रादेवी शर्मा, *सहसचिव*

**सदस्यहरू**
श्री रोशनी देवी कार्की, *उपसचिव*
श्री अन्जु ढुंगाना, *प्र.म.वि.अ.*
श्री प्रमिला भण्डारी, *शाखा अधिकृत*

**कम्प्युटर**
पबिना मिश्र

**हवाई उद्दार कार्यक्रम संचालनको लागि दूर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको लागि हवाई उद्धार कार्यविधि, २०७५ बमोजिम व्यवस्था**

- हिमाली तथा दूर्गम क्षेत्रका ३४ जिल्लाका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि निःशूल्क हवाई उद्धार सेवा,
- हवाई उद्धार गरिएकी महिलाबाट मन्त्रालयमा पेश गर्नु पर्ने डकुमेन्टहरू,
  - नागरिकताको प्रतिलिपि,
  - स्थानीय तहको हवाई उद्धार समन्वय समितिको बैठकको निर्णय प्रतिलिपि,
  - स्थानीय स्वास्थ्य संस्थाको प्रमुख सहित दुई जना स्वास्थ्यकर्मीको सिफारिस पत्र,

कपिलवस्तु जिल्लाबाट राष्ट्रपति महिला उत्थान कार्यक्रमको उद्घाटन गरी शुभारम्भ गरिएको थियो।

नेपाल सरकारले आर्थिक वर्ष २०७३/७४ को नीति तथा कार्यक्रममा महिलाहरूको हक, अधिकार सुनिश्चितता गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिताको व्यवस्था गरेको थियो। आर्थिक वर्ष २०७३/०७४ को बजेट वक्तव्यमा महिला उत्थान शीर्षकमा लैङ्गिक विभेदको अन्त्य, सीप तथा उद्यमशीलता विकास लगायतका महिला सशक्तीकरणका कार्यक्रमलाई अघि बढाउन राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालनमा ल्याइएको थियो।

विपन्न, अतिविपन्न, सिमान्तकृत महिलाहरूको जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले मानव विकास सूचकाङ्कमा पछाडि परेका ३० जिल्लामा राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरिएको छ।

## राष्ट्रपति महिला उत्थान कार्यक्रमको उद्देश्य

- जीविकोपार्जन सुधार, बित्तिय पहुच तथा उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्दै दिगो विकास हासिल गर्ने।
- लैङ्गिक बिभेद, हिंसा र सबै प्रकारका कुरिति अन्त्यका लागि सामाजीक रुपान्तरणको अभियान संचालन गर्ने।
- हिंसा पीडित तथा प्रभावितहरूका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने।
- दूर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवति तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार सेवा संचालन गरि मातृमृत्यु र बालमृत्यु दरमा उलेख्य रुपमा कमी ल्याउने।

## आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम

महिला सशक्तीकरणका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदायहरूको सामाजिक संरक्षण गरिनेछ। कानुन कार्यान्वयनको प्रभावकारीता बढाई बलात्कार, यौनशोषण, मानव बेचबिखन तथा महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई निर्मूल गरिनेछ। महिला हिंसाका प्रमुख कारणका रुपमा रहेका अशिक्षा, अभाव, अन्धविश्वास र पछौटेपन हटाउन विशेष अभियान सञ्चालन गरिनेछ।

## बजेट व्यक्तब्य २०७५/०७६

आर्थिक वर्ष २०७५/०७६ को बजेटको बुँदा नं. ५९ मा राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई विस्तार गरी विपन्न र पिछडिएका सबै महिलालाई सीप तथा उद्यमशीलता विकास मार्फत काम र रोजगारीका अवसरमा पहुँच पुऱ्याई स्वआर्जन मार्फत आत्मनिर्भर बनाउने। बालविवाह, दाइजो प्रथा तिलक, देउकी, बोक्सी, छाउपडी लगायत सबै प्रकारका कुरीति अन्धविश्वास र महिला हिंसाको विरुद्धमा चेतना अभिवृद्धि गरिने। ग्रामीण तथा दूर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको आपतकालीन उद्धार गर्न एयरएम्बुलेन्सको प्रबन्ध मिलाइनेछ।

२०७५ साल श्रावण देखि जिल्लास्थित महिला तथा बालबालिका कार्यालय स्थानीय तहमा स्थानान्तरण भैसकेको अवस्थामा आ.व.२०७५/७६ को राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी रुपमा सञ्चालन गर्न २०७५ भाद्र २१ देखि **महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय ईकाई स्थापना गरिएको छ।** चालु आ.व.२०७५/७६ मा राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालनको लागि रु.२९ करोड ५७ लाख बजेट विनियोजन गरिएको छ।

## राष्ट्रपति महिला उत्थान कार्यक्रमका तीन आयाम




## राष्ट्रपति महिला उत्थान कार्यक्रम आ.व. २०७३/७४ को उपलब्धि

१. मानव विकास सूचकाङ्कमा पछाडि परेका ३० जिल्लामा रहेका साबिक महिला तथा बालबालिका कार्यालयबाट सूचना प्रकाशन/प्रसारण गरी जिल्ला भरिका महिलाहरूमध्येबाट ३५ जनाका दरले छनौट गरी सीप तथा व्यावसायिकता विकास तालिम प्रदान गर्ने र व्यवसाय स्थापना खर्च समेत उपलब्ध गराइ महिलाहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याउने लक्ष्य बमोजिम जम्मा १ हजार २ सय ७५ जनालाई तालिम प्रदान गरिएको।



२. अनौपचारिक श्रममा संलग्न महिलाहरूलाई लक्षित कार्यक्रम १० जिल्ला (काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, कास्की, सुनसरी, मोरङ, बाँके, रुपन्देही र कन्चनपुर) मा ५ सय जनालाई सीपमूलक व्यवसायिकता तालिम दिने लक्ष्य लिएकोमा जम्मा ४ सय ७५ जनालाई

तालिम प्रदान गरिएको ।

३. महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित सहकारी संस्थाका सदस्यद्वारा उत्पादित सामग्रीहरूको राष्ट्रिय प्रदर्शनी कपिलवस्तु र काठमाडौँ जिल्लामा गरी २ स्थानमा सम्पन्न गरिएको ।

४. २५ जिल्लामा गैरसरकारी संघ/संस्थासँगको साझेदारीमा सङ्कटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अल्पकालीन सेवा केन्द्र सञ्चालन गर्ने भनिएकोमा १९ जिल्लामा सेवा सुरुवात भएको ।

### अल्पकालीन सेवा केन्द्र सञ्चालनमा रहेका जिल्लाहरू

धनकुटा, सल्यान, कपिलवस्तु, धादिङ, पाल्पा, रसुवा, रामेछाप, गोरखा, लमजुङ्ग, पर्वत, गुल्मी, रुकुम, रोल्पा, दोलखा, अर्घाखाँची, नुवाकोट, अछाम, बैतडी र बाजुरा ।

## राष्ट्रपति महिला उत्थान कार्यक्रम आ.व. २०७४/७५ को उपलब्धि

मानव विकास सूचकाङ्कमा पछाडि परेका १४ जिल्लाहरूमा अति विपन्न, दलित पिछडा वर्ग जनजाती, खस आर्य तथा मुश्लिम वर्गका महिला लक्षित कार्यक्रम सञ्चालन गर्न सेवा प्रदाय संस्था (नेपाल इन्जिनियरिङ्ग टेक्निकल साईन्स एकेडमी) सँग महिला तथा बालबालिका विभागले सात प्रदेशका १४ जिल्लामा १ हजार २ सय ७५ जना महिलालाई सीप विकास तालिम प्रदान गरिएको थियो। तालिम प्राप्त महिलाहरूले सीप परीक्षण पास गरी स्वरोजगार, रोजगारीको स्वयम् घोषणा तथा रोजगारीमा आवद्ध भएको प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था गरिएको थियो । त्यसैले महिलाको आय आर्जन र रोजगारीको सृजना भई आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने कार्यक्रमको उद्देश्य रहेको थियो ।

महिलाहरूको आर्थिक सशक्तीकरणका लागि सीप तथा उद्यमशीलता विकास तालिम कार्यक्रम सञ्चालन क्षेत्र परिवर्तन गरिएको छ । जसअनुसार **प्रत्येक प्रदेशबाट २/२ वटा जिल्ला समावेश गरी जम्मा १४ जिल्लामा कार्यक्रम सीमित गरिएको।**

कार्यक्रम सञ्चालित जिल्लाहरू : भोजपुर, सुनसरी, बारा, रौतहट, सिन्धुली, दोलखा, तनहुँ, लमजुङ, दाङ्ग, रोल्पा, मुगु दैलेख, अछाम, दार्चुला)

१. **१४ जिल्लामा लक्षित महिलाको आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन गर्न १ हजार २ सय ७५ जनालाई** सीप तथा उद्यमशीलता विकास तालिम दिने लक्ष्य राखिएको थियो । खुल्ला प्रस्ताव आव्हान गरी नेपाल इन्जिनियरिङ्ग एण्ड टेक्नीकल साइन्स एकेडेमी (नेट्सा) नामक संस्था छनौट भई सो संस्थामार्फत १ हजार २ सय ७५ जनालाई तालिम प्रदान गरिएको । यसरी तालिम प्राप्त व्यक्तिहरूको न्यूनतम २ वर्षसम्म रोजगार सुनिश्चित गर्नुपर्ने दायित्व सो संस्थामै रहेको ।

२. **तोकिएका २५ जिल्लामा गैससँगको साझेदारीमा सङ्कटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अल्पकालीन सेवा केन्द्र** सञ्चालन गर्न १९ जिल्लामा सेवा सुरुवात भएको।

जिल्लाहरू : धनकुटा, सल्यान, कपिलवस्तु, धादिङ, पाल्पा, रसुवा, रामेछाप, गोरखा, लमजुङ्ग, पर्वत, गुल्मी, रुकुम, रोल्पा, दोलखा, अर्घाखाँची, नुवाकोट, अछाम, बैतडी, खोटाङ, स्याङ्जा र बाजुरा) बाट **जम्मा १ हजार ४६ जनालाई सेवा प्रदान गरिएको।**

३. महिला उद्यमी महासंघ नेपालको समन्वयमा वस्तु तथा सामान उत्पादन गरिरहेका महिलाहरूको सीप व्यवसायिकता विकास गरी बजारसँगको सम्बन्ध बढाउन व्यवसाय प्रवर्द्धन तथा उद्यमशीलता तालिम प्रदान गरिएको ।

४. महिलाहरूद्वारा उत्पादित सामाग्रीहरूको राष्ट्रिय प्रदर्शनी २ पटक गरिएको ।

### राष्ट्रपति महिला उत्थान कार्यक्रम आ.व.२०७४/७५को उपलब्धि

| क्र.स | क्रियाकलाप | इकाई | लक्ष्य | प्रगति % |
|---|---|---|---|---|
| १ | १४ जिल्लामा लक्षित महिलाको आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन गर्न १२७५ जनालाई सीप तथा उद्यमशिलता विकास तालिम | १४ जिल्ला | १२७५ जना | १००% |
| २. | गैससँगको साझेदारीमा संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अल्पकालिन सेवा केन्द्र सञ्चालन | १९ जिल्ला | १०४६ जना | १००% |
| ३. | महिलाहरूद्वारा उत्पादित सामाग्रीहरूको | पटक | २ | १००% |

## राष्ट्रपति महिला उत्थान कार्यक्रमका चालु आ.व २०७५/७६ मा सञ्चालन भएका कार्यक्रमहरू

### १. दूर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको लागि हवाई उद्दार कार्यक्रम।

दूर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको लागि हवाई उद्धार कार्यक्रम सञ्चालनको लागि दूर्गम



क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको लागि हवाई उद्धार कार्यविधि, २०७५ निर्माण गरी २०७५।६।२९ मा स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।

- दूर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७५ मा तोकिएका पायक पर्ने अस्पतालमा पुऱ्याइने व्यवस्था मिलाइएको छ। यसरी हवाई उद्धार गरिएका महिलाहरू तथा नवजात शिशुहरूको सम्पूर्ण उपचार खर्च निःशूल्क हुनेछ।

**"मर्छुकी भन्ने थियो नयाँ जीवन पाएँ"**



*हवाई उद्धारबाट नयाँ जीवन पाउनु भएकी गोरखा जिल्ला चुमनुब्री गाउँपालिका ७ की छिरिङ पाल्मो डोल्मा ।*

**हवाई उद्धार कार्यक्रम पूर्ण र आंशिक रुपमा लागू भएका जिल्लाहरू**

| पूर्ण रुपमा लागू भएका जिल्लाहरू | आंशिक रुपमा लागू भएका जिल्लाहरू |
|---|---|
| दार्चुला, बैतडी, डोटी, अछाम, जाजरकोट, दैलेख, मुगु, कालिकोट, जुम्ला, हुम्ला, डोल्पा, ताप्लेजुङ्ग, संखुवासभा, भोजपुर, पाँचथर, तेह्रथुम, खोटाङ्ग, ओखलढुङ्गा, सोलुखुम्बु, दोलखा, रसुवा,मनाङ, मुस्ताङ, म्यादी, रोल्पा, रुकुम पूर्व, रुकुम पश्चिम र सल्यान | सिन्धुपाल्चोक (पाँचपोखरी थामपालथाप गाउँपालिका हेलम्बु गाउँपालिका, जुगल गाउँपालिका) धादिङ्ग (रुविभ्याली गाउँपालिका), गोरखा (सुलिकोट गाउँपालिका, आरुघाट गाउँपालिका, सिरानचोक गाउँपालिका, गण्डकी गाउँपालिका, अजिरकोट गाउँपालिका, धार्चे गाउँपालिका, चुमनुबी गाउँपालिका) बाग्लुङ्ग) ढोरपाटन नगरपालिका, गलकोट नगरपालिका, बडिघाट नगरपालिका, निसिखोला गाउँपालिका, बेरेङ गाउँपालिका, ताराखोला गाउँपालिका, काँठेखोला गाउँपालिका, तमानखोला गाउँपालिका, जैमुनी नगरपालिका |

**२०७६ असार मसान्तसम्म हवाई उद्धार गरिएका महिलाहरुको विवरण**

| क्र. सं. | नाम थर | जिल्ला / स्थानीय तह | कैफियत |
|---|---|---|---|
| १ | निरा शाही | हुम्ला जिल्ला चंखेली गा.पा. वडा नं. ४ | |
| २ | बिन्दा भूजेल | दोलखा जिल्ला मेलुङ्ग गा.पा. वडा नं. १ | |
| ३ | लोक कुमारी लिम्बु | तेह्रथुम जिल्ला म्याङलुङ नगरपालीका वडा नं. ८ | |
| ४ | रोमि वि.क | धादिङ्ग जिल्लाको रुवीभ्याली गाउँपालिका वडा नं. २ | |
| ५ | शान्ती बुढा | डोल्पा जिल्ला काईके गा.पा. वडा नं. २ | |
| ६ | अन्जना बोहोरा | बाजुरा जिल्ला गौमुल गा.पा. वडा नं. २ | |
| ७ | मिना तामाङ | धादिङ्ग जिल्ला रुविभ्याली गाउँपालिका वडा नं. ५ | |
| ८ | चन्द्ररूपा शाही | मुगु जिल्ला सोरु गाउँपालिका वडा नं ५ | |
| ९ | धन कुमारी राई | सोलुखुम्बु जिल्ला सोतांगगाउँपालिका | |
| १० | ललिता थापा | मुगु जिल्ला खत्याङ गा.पा. वडा नं ८ | |
| ११ | मिनमर डोल्मा | गोर्खा जिल्ला चुमनुग्री गा.पा. वडा नं. ४ | |
| १२ | जुना तामांग | हुम्ला जिल्ला चंखेली गा.पा. वडा नं ५ | |
| १३ | जसु देवी शाही | मुगु जिल्ला खत्याङ्ग गा.पा. रातापानी वडा नं ११ | |
| १४ | लगना बोहोरा | डोल्पा जिल्ला जगदुल्ला गा.पा. वडा नं. ३ | कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय समन्वय |
| १५ | सुशिला बि.क. | डोल्पा जिल्ला काईके गा.पा. वडा नं | कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय समन्वय |
| १६ | स्वस्तिका बम | कालिकोट जिल्ला सान्त्रिवेणी गा.पा. -६ | |
| १७ | कमला राई | भोजपुर जिल्ला भोजपुर न.पा. वडा नं. ७ | |
| १८ | देवकुमारी पुन | म्याग्दी धवलागिरी गा.पा. मुना | गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय समन्वय |

| क्र. सं. | नाम थर | जिल्ला / स्थानीय तह | कैफियत |
|---|---|---|---|
| १९ | मेलाना मल्ल | रुकुम पूर्व जिल्ला पुथा उत्तरगंगा गा.पा. वडा नं. ८ | |
| २० | छिरिङ्ग लामा | गोरखा जिल्ला चुमनवरी गा.पा. वडा नं. ७ लाखरटोल | |
| २१ | देवकिला राई | सोलुखुम्बु जिल्ला महाकुलुङ्ग गा.पा.-३ | |
| २२ | अनिषा बुढा | डोल्पा जिल्ला त्रिपुरासुन्दरी न.पा. | |
| २३ | अमृता मल्लक | मुगु जिल्ला सोरु गा.पा.-१० को कोट गाँउ | |
| २४ | पशुपति शाही | जाजरकोट जिल्ला जुनिचाद गा.पा. वडा नं.६ | प्र.जि.अ.को समन्वयमा जिल्ला अस्पतालमा उपचार |
| २५ | मोति परियार | सल्यान जिल्ला बनगाड कुविन्डे न.पा.वडा नं. ८ | |
| २६ | रविता राई | खोटाङ जिल्ला, हलेसी तुहाङ्चुङ न.पा. वडा नं. २ | |

## २. जीविकोपार्जन सुधार कार्यक्रम

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रमलाई देहाय बमोजिमको उद्देश्य प्राप्तिको लागि सुरुवात गरिएको छ :

क) जीविकोपार्जन सुधार कार्यक्रमको माध्यमबाट महिलाको जीवनस्तर उकास्ने,

ख) स्थानीय स्रोत साधन उपयोग र मूल्य शृङ्खलाद्वारा महिलाहरूको आर्थिक सशक्तीकरण गर्ने,

ग) महिला सशक्तीकरणका लागि संगठित महिला संस्थाको क्षमता अभिवृद्धि गर्ने । आर्थिक तथा सामाजिक रुपले पीछडिएका, गरिब तथा सीमान्तकृत महिलाहरूको सङ्ख्या अझै पनि उल्लेख्य रुपमा नै रहेको छ। महिलाहरुको उत्थान र सशक्तीकरण गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नका लागि महिलाहरूको आर्थिक उन्नति, प्रगति, प्रतिष्ठा र सम्मान प्रवर्द्धनका कार्यक्रमहरू तय गरेको छ।

- प्रत्येक प्रदेशबाट मानव विकास सूचकाङ्कमा पछाडि परेका जम्मा ३० (भोजपुर, उदयपुर, ओखलढुङ्गा, सङ्खुवासभा, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, दोलखा, नवलपुर, गोरखा, बाग्लुङ, म्याग्दी, कपिलवस्तु, प्युठान, पूर्वी रुकुम, रोल्पा, हुम्ला, मुगु, कालीकोट, डोल्पा, बझाङ, बाजुरा, अछाम, डोटी) जिल्लामा कार्यक्रम सञ्चालन भएको ।


*जीविकोर्पाजन सुधार कार्यक्रमको माननीय मन्त्रिज्यूद्वारा स्थलगत अनुगमन*

- एक जिल्लामा ३ वटाका दरले महिलाहरूद्वारा सञ्चालित संस्थाहरूले ३० जना महिलाहरू छनौट गरी सीप तथा स्थापना खर्च अनुदान उपलब्ध गराई प्रति संस्था रु. ६ लाख व्यावसायिकता विकास तालिम रु. १७ हजारका दरले व्यवसाय ५० हजारका दरले ९० संस्थाका २ हजार ७ सय महिलाहरूको आर्थिक सशक्तीकरण गर्ने लक्ष्य रहेको ।
- ९० संस्थाहरू छनौट हुनुपर्नेमा २ पटकसम्म प्रस्ताव आव्हान गरी ६४ वटा संस्था छनौट गरी कार्यक्रम सुरुवात भैसकेको, जसअनुसार १ हजार ९ सय २० महिलाहरूलाई तालिम सहित बीउपूँजी प्रदान गरिएको ।

**राष्ट्रपति महिला उत्थान जीविकोर्पाजन सुधार कार्यक्रम सञ्चालनमा ल्याइएका संस्था र सहकारी विवरण**

| क्र.स | प्रदेश | संस्थाहरूको प्रकृति विवरण | | जम्मा |
|---|---|---|---|---|
| | | सहकारी संस्था | गैसस | |
| १ | प्रदेश नं. १ | ६ वटा | ३ वटा | ९ वटा |
| २ | प्रदेश नं.२ | ९ वटा | ४ वटा | १३ वटा |
| ३ | प्रदेश नं. ३ | ४ वटा | ४ वटा | ८ वटा |
| ४ | गण्डकी प्रदेश | ७ वटा | ३ वटा | ७ वटा |
| ५ | प्रदेश नं. ५ | ५ वटा | - | ५वटा |
| ६ | कर्णाली प्रदेश | ५ वटा | ६ वटा | ११ वटा |
| ७ | सुदुर पश्चिमाञ्चाल प्रदेश | २ वटा | ६ वटा | ८ वटा |
| | | ३८ वटा | २६ वटा | ६४ वटा |


*राष्ट्रपति महिला उत्थान कार्यक्रमका निर्देशक समिति सदस्य प्रतिनिधी सभा र राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरुबाट जिविकोर्पाजन सुधार कार्यक्रमको स्थलगत अनुगमन*

## ३. स्थानीयस्तरमा महिलाद्वारा उत्पादित सामग्रीहरुलाई प्रवर्द्धन गर्न प्रदेश स्तरमा विक्री केन्द्र स्थापना गर्न कार्यविधि तयार भएको ।

## ४. विज्ञ समूह तथा निर्देशक समितिसँग नियमित बैठक र अन्तर्क्रिया कार्यक्रम।

राष्टपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न तथा भइरहेको प्रगतिको समीक्षा गर्न विज्ञ समूह तथा निर्देशक समितिसँग नियमित बैठक, छलफल तथा अन्तरकृया संचालन भइरहेको छ ।



*राष्ट्रपति महिला उत्थान कार्यक्रम निर्देशक समितिको बैठक ।*



*मन्त्रालयका पदाधिकारी निर्देशक समिति,विज्ञ समूह तथा परामर्शदाता सम्मिलित अन्तरक्रिय गोष्ठी*

## ५. बहुआयामिक नमूना ग्राम स्थापना, सञ्चालन र व्यवस्थापन

राष्ट्रपति महिला उत्थान वहुआयामिक नमूना ग्राम स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न सम्भाव्यता अध्ययन गरी सातै प्रदेशमा वहुआयामिक नमूना ग्राम स्थापना गर्ने ।

नमूना ग्राम स्थापना, सञ्चालन तथा ब्यवस्थापन गर्न सम्भाव्यता अध्ययनको लागि सातै प्रदेशको स्थानीय तह र समुदायमा स्थलगत अध्ययन, अनुसन्धान गरी सूचक सहितको प्रतिवेदन पेश गर्न विज्ञ/परामर्शदाताको छनौट गरी प्रस्तावित क्षेत्रमा अध्ययनको लागि पठाईएको ।

### राष्ट्रपति महिला उत्थान बहुआयामिक नमुना ग्राम अध्ययन अनुसन्धान

| कं.स. | प्रदेश | लक्षित समुदाय | स्थान |
|---|---|---|---|
| १ | प्रदेश न.१ | सन्थाल जाति | मोरङ,उर्लावारी नगरपालीका वडा नं.८ (बहादुर बाबा) |
| २ | प्रदेश न.२ | मुसहर,डोम र चमारसमुदाय | सिराहा, गोलबजार नगरपालीका |
| ३. | प्रदेशन.३ | चेपाङ,समुदाय | चितवन, (राप्ती नगरपालीका वडा.नं.१०,११,१२,१३) चौघारा थाकलटार) |
| ४ | गण्डकी प्रदेश | दलित तथा पहाडी जनजाती | म्याग्दी,रघुगंगा गाउँपालीका वडा नं.७ चिमखोला |
| ५ | प्रदेशन.५ | मुस्लिम समुदाय | बाके, नेपालगंज उपमहानगरपालीका वडा नं.६ फुलटेक्रा |
| ६ | कर्णाली प्रदेश | क्षेत्री बाहुन,दलित समुदाय | दैलेख, नारायन न.पा.वडा नं. २ जंककोट |
| ७ | सुदुरपश्चिम प्रदेश | थारु समुदाय, कमलहरी, कमैया | कैलाली, (धनगढी उपमहानगरपालीका वडा नं.१६ धुरजन्ना र हिम्मतपुर) |

## ६. महिला, बालबालिका उपर हुने हिंसा, दूर्व्यवहार,लैङ्गिक हिंसा, बालविवाह लगायतका घटना अन्त्यका लागि सामाजिक सचेतना अभियान कार्यक्रम

लैङ्गिक हिंसा निवारणको लागि सचेतनात्मक तथा सन्देशमूलक सामग्री उत्पादन तथा प्रशारण गर्ने कार्यक्रम

- प्रथम राष्ट्रिय महिला अधिकार दिवस २०७६ जेठ १६ गते।
- मन्त्रालय परिसरमा डिजिटल होडिङ्ग बोर्डबाट महिला र बालिका उपर हुने हिंसा दूर्व्यवहार अन्त्यका लागि सन्देशमूलक सूचना प्रशारण।
- काठमाडौ उपत्यका भित्रका १६ वटा (लामा तथा छोटा) रुटमा चल्ने साझा बसमा डिजिटल डिस्प्ले मार्फत महिला र बालिका उपर हुने हिंसा दूर्व्यवहार अन्त्यका लागि सन्देशमूलक सूचना प्रशारण भएको।
- सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) लगायतका प्रतिवेदन नेपालीमा अनुवाद भएको सामग्री प्रकाशनको क्रममा रहेको।
- रेडियो नेपालबाट दैनिक रुपमा र नेपाल टेलिभिजन मार्फत आंशिक रुपमा लैङ्गिक हिंसा छाउपडी र मानव बेचबिखन तथा ओसारपोसार विरुद्ध जनचेतनाका लागि सन्देशमूलक सूचनाहरू प्रसारण भइरहेको।
- लैङ्गिक हिंसा विरुद्धको संक्षिप्त डकुमेन्ट्री निर्माण तथा प्रशारण भएको।
- मानव बेचविखन विरुद्ध सन्देशमूलक डकुमेन्ट्री निर्माण प्रसारण भएको।
- लैङ्गिक हिंसा विरुद्धका सचेतनात्मक तथा सन्देशमूलक सामग्री प्रशारणका लागि सरोकारवालासँग परिसंवाद कार्यक्रम उत्पादन तथा प्रशारण भएको।
- लैंगिक हिंसा, कुरीति विरुद्ध संदेशमूलक सूचना निर्माण तथा प्रशारण भएको।
- प्रदेश तथा स्थानीय तहमा लैंङ्गिक हिंसा, कुरीति, दाइजो प्रथा, भ्रुण हत्या, एसिड आक्रमण र बालविवाह विरुद्ध अन्तर कृयात्मक कार्यक्रम काभ्रे र जनकपुरमा सम्पन्न भएको।

- छाउपडी सम्बन्धमा सुदूरपश्चिम प्रदेशमा अध्ययन, अनुसन्धान र प्रतिवेदन प्राप्त भएको ।
- महिला विरुद्धका हिंसा र विभेद अन्त्यका लागि प्रतिनिधि सभाबाट मिति २०७५/०५/०८ मा स्वीकृत ४ बुँदे संकल्प प्रस्ताव कार्यान्वयनका लागि निर्देशक समिति र कार्यान्वयन समिति गठन गरी कार्ययोजना कार्यान्वयनमा ल्याइएको ।
- लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान (२५ नोभेम्वर देखि १० डिसेम्बर) ७ वटै प्रदेशमा गरिएको । संघीय मन्त्रालयका मन्त्री, प्रदेश सरकार, प्रदेश सांसद, जि.स.स. पदाधिकारी र ७५३ निकायका प्रमुख उपप्रमुख सहित ३००० जनप्रतिनिधिहरू सहभागि भएका ।

## ७. उद्यमशील विकास कार्यक्रम

महिलाद्वारा उत्पादित सामग्रीहरुको बजारीकरणका लागि सातवटै प्रदेश र राष्ट्रिय तहमा प्रदेर्शनी कार्यक्रम ।

| क्र. स. | प्रदेशस्तरीय/ राष्ट्रियस्तर/अन्तर्राष्ट्रिय | स्टल संख्या | सहभागी संख्या | आयोजना मिति |
|---|---|---|---|---|
| १ | सुदुरपश्चिम प्रदेश धनगढी | १८ वटा | ३६ जना | २०७५/०९/२३ देखि २९ सम्म |
| २ | प्रदेश नं. ५, बाँके, खजुरा | १२ वटा | २४ जना | २०७५/१०/२५ देखि ११/५ सम्म |
| ३ | प्रदेश नं. ३, हेरिटेज गार्डेन, सानेपा, ललितपुर | १५ वटा | ३० जना | २०७५/१२/२३ देखि २९ सम्म |
| ४ | १५ औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला, भृकुटीमण्डप, काठमाडौं | १५ वटा | ३० जना | २०७५/११/२३ देखि २७ सम्म |





*राष्ट्रिय प्रदर्शनी मेला अवलोकन*

## ८. उद्यमशीलता सम्भावना अध्ययन र वित्तीय पहुँच कार्यक्रम

७ वटै प्रदेशबाट छानिएका ७० जना महिलाहरूलाई काठमाडौ र नेपालगञ्जमा उद्यमशीलता र वित्तीय पहुँच सम्बन्धी तालिम प्रदान गरिएको ।





*महिला उद्यमशीलता विकास र वित्तिय पहुँच सम्बन्धी तालिम*

## ९. हिंसा प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन कार्यक्रम

७ वटै प्रदेशमा हिंसा प्रभावित महिलाका लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्न प्रत्येक प्रदेशलाई रु. १० लाखका दरले ७० लाख अनुदान प्रदान गरिएको ।

## १०. राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक तथा अपाङ्ग ग्राम स्थापना र सञ्चालनका लागि सातै प्रदेशको सामाजिक विकास मन्त्रालयलाई १ करोडका दरले जम्मा ७ करोड अनुदान प्रदान गरिएको ।

- प्रदेश नं. १ मा ज्येष्ठ नागरिक र अपाङ्ग ग्राम निर्माण गर्न गुठीको ११ विगाहा जमिन २३ करोडमा खरिद भएको ।
- प्रदेश नं. २ मा जग्गा खोज्ने कार्य भइरहेको ।
- प्रदेश नं. ३ मा जग्गा खोज्ने कार्य भइरहेको ।
- गण्डकी प्रदेशमा उपयुक्त स्थानको खोजी भैरहेको ।
- प्रदेश नं. ५ मा ५ विगाहा जग्गा प्राप्तिको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको ।
- कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, सुर्खेत र विरेन्द्रनगर नगरपालिका सुर्खेत बीच ज्येष्ठ नागरिक र अपाङ्ग ग्राम निर्माणका लागि समभ्रुदारी भएको ।
- सुदूरपश्चिम प्रदेशमा साविकमा ज्येष्ठ नागरिक भवन निर्माण भएको संस्थासँग सहकार्य गरिरहेको ।

## “प्रथम राष्ट्रिय महिला अधिकार दिवस घोषणा-२०७६”

“लैङ्गिक विभेदको अन्त्यः समृद्ध नेपालको गन्तव्य” भन्ने मूल नाराका साथ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय थममाया थापाको अध्यक्षतामा सम्माननीय प्रधानमन्त्री




*प्रथम राष्ट्रिय महिला अधिकार दिवस २०७६,*

के.पी. शर्मा ओलीको प्रमुख आतिथ्यतामा २०७६ जेठ १६ गते काठमाडौंको राष्ट्रिय सभा गृहमा प्रथमा राष्टिय महिला अधिकार दिवस भव्य रुपमा सम्पन्न भयो । उक्त कार्यक्रममा ७७ वटै जिल्ला समन्वय समितिका महिला प्रमुख उपप्रमुख र ७५३ वटै स्थानीय तहका महिला प्रमुख/उप्रमुख वा अध्यक्ष /उपाध्यक्षको सहभागिता रहेको थियो ।

नेपाली महिलाहरूको अधिकारलाई संस्थागत गर्न २०६३ जेठ १६ गते तात्कालीन सांसद एवम् हालका सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूद्वारा प्रस्तुत सार्वजनिक जरुरी प्रस्तावमा माननीय कमला पन्त, माननीय नवराज सुवेदी र माननीय नारायणप्रसाद साउदको समर्थनमा निम्न चार प्रस्ताव पारित भएको दिनको अवसरमा मिति २०७६ जेठ ६ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रत्येक वर्ष जेठ १६ गतेको दिन राष्ट्रिय महिला अधिकार दिवस मनाउने निर्णय भएको हो ।

- आमा वा बाबुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न,
- समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तिमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न,
- विभेदकारी कानुनको खोज गर्न,
- महिलामाथि हुने हिंसाको अन्त्य गर्न,

## राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन सम्बन्धी कानूनी प्रावधान

- राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७४
- दूर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको लागि हवाई उद्धार कार्यविधि ,२०७५
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यविधि, २०७५
- राष्ट्रपति महिला उत्थान वहुआयामिक नमुना ग्राम स्थापना, सञ्चालन तथा व्यवस्थापनको कार्यक्षेत्रगत शर्त, २०७५
- राष्ट्रपति महिला उत्थान कार्यक्रम १० वर्षे रणनीतिक योजना, २०७५
- महिला उद्यमशिलता विकास र वित्तिय पहुँच सम्बन्धी अवधारणा, २०७५
- लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल (Male Leaders Network) परिचालन सम्बन्धी कार्यविधि, २०७५
- लैङ्गिक हिंसा पीडितको तत्काल उद्धार, राहत, न्यायमा पहुँच तथा पुनर्स्थापना सम्बन्धी नमूना कार्यविधि, २०७६

### राष्ट्रपति महिला उत्थान कार्यक्रमका मुख्य मुख्य पक्ष





नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
महिला सशक्तीकरण महाशाखा
राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय ईकाइ
सिंहदरवार, काठमाडौं, फोन नं.: ०१-४२००५०२, ४२००३३७, ४२००३२८,
इमेल : gbvps.mowcsw@gmail.com, वेवः www.mowcsc.gov.np